नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः २०८२।०८३

चलानी नं. ३९५

मितिः २०८३।०१।११

ने.सं. ११४६

विषयः निर्माण सामग्रीको उपलब्धतामा समन्वय गर्ने सम्बन्धमा ।

श्री प्रमुख प्रशासकीय अधिकृत (७५३),

श्री जिल्ला समन्वय अधिकारी (७७)।

संघीय, प्रादेशिक एवं स्थानीय स्तरका विभिन्न आयोजना/परियोजना तोकिएकै समयमा सम्पन्न गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा निर्माण सामग्रीको उपलब्धता एवं ओसारपसारमा विभिन्न कारणले स्थानीय स्तरमा अवरोध भइरहेका गुनासाहरु यस मन्त्रालयमा प्राप्त भएका छन् । सो सम्बन्धमा निर्माण सामग्री प्राप्तिमा ढिलाइ हुँदा जनताको त्यस्ता सामग्री निर्वाध उपयोगको अधिकार संकुचन हुने तथा सरकारलाई अन्य करारजन्य दायित्व समेत थप हुनसक्ने भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्था बमोजिम आफ्नो गाउँपालिका/नगरपालिकाको अधिकारक्षेत्रभित्रका नदीजन्य पदार्थको उचित व्यवस्थापन तथा अन्य निर्माण सामग्रीको उपलब्धता तथा निर्वाध ओसारपसारका लागि सरोकारवाला निकायसँग समेत समन्वय गरी आवश्यक व्यवस्थापन गर्नु/गराउनुहुन मिति २०८३।०१।११ को निर्णयानुसार अनुरोध छ ।

१।११

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

**श्री गृह मन्त्रालय, सिंहदरबारः** आवश्यक समन्वय गरिदिनुहुन ।

**श्री सूचना प्रविधि शाखाः** सबै गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समितिमा ईमेलमार्फत पत्र प्रेषित गरी वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।